का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ असोज २०८०,
शनिबार
23 September 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक २४० । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## शिक्षकहरुलाई राहत

स्थानीय तहको जनप्रतिनिधिको मनोमानी सरुवाको मारमा पर्ने शिक्षकहरुको आशंका सम्बोधन गर्न सरकार तयार भएपछि आन्दोलन फिर्ता भएको हो । सहमतिअनुसार शिक्षकको सरुवामा प्राधानाध्यापक र प्रधानाध्यापकको सरुवामा विद्यालय व्यवस्थापन समितिको सहमति अनिवार्य गरिनेछ ।





संसदीय सर्वोच्चता र मागमा छलफल हुँदा शिक्षा विधेयकलाई परिमार्जन गर्दै अघि बढ्ने र संसदमा सहजीकरण गर्ने प्रतिबद्धता सरकारका तर्फबाट व्यक्त भएको छ ।

**रेखा शर्मा**
**सरकारकी प्रवक्ता**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

शिक्षकहरुको आन्दोलन फिर्ता भएको छ । आन्दोलनरत शिक्षक र सरकारबीच सहमति भएसँगै शिक्षकहरुको आन्दोलन फिर्ता भएको हो । शुक्रबार गृहमन्त्रालयमा बसेको सरकार र शिक्षकहरुबीचको छलफलमा शिक्षकहरुका माग सम्बोधन गर्न सरकार सहमत भएपछि शिक्षकहरुले आन्दोलनका कार्यक्रम फिर्ता गर्ने भएका हुन् ।

स्थानीय तहको जनप्रतिनिधिको मनोमानी सरुवाको मारमा पर्ने शिक्षकहरुको आशंका सम्बोधन गर्न सरकार तयार भएपछि आन्दोलन फिर्ता भएको हो । सहमति अनुसार शिक्षकको सरुवामा प्राधानाध्यापक र प्रधानाध्यापकको सरुवामा विद्यालय व्यवस्थापन समितिको सहमति अनिवार्य गरिनेछ ।

सरकारकी प्रवक्ता रेखा शर्मा भन्छिन्, 'संसदीय सर्वोच्चता र मागमा छलफल हुँदा शिक्षा विधेयकलाई परिमार्जन गर्दै अघि बढ्ने र संसदमा सहजीकरण गर्ने प्रतिवद्धता सरकारका तर्फबाट व्यक्त भएको छ ।'

सरकार र शिक्षा विधेयकको विरोधमा आन्दोलनरत शिक्षकबीच छ बुँदे सहमति भएसँगै शिक्षकहरु घर फर्किन थालेका छन् । विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका केही व्यवस्थाहरु परिवर्तन गर्न संसदको सार्वभौमिकतालाई सम्मान गर्दै संसदीय प्रणाली, अभ्यास र संघीय संसद सञ्चालनसम्बन्धी मौजूदा विधि बमोजिम प्रक्रिया अगाडि बढाउन सहमति भएसँगै शिक्षकहरु आन्दोलन रोकेर घर फर्किन थालेका हुन् ।

आन्दोलनरत शिक्षक र सरकारबीच सहमति भएसँगै शिक्षकहरुले आन्दोलन फिर्ता गरेका हुन् । विभिन्न १८ बुँदे माग राख्दै शिक्षक महासंघको अगुवाइमा असोज ३ देखि शिक्षकहरुले विद्यालय शिक्षा विधेयकको विरोधमा राजधानीमा आन्दोलन थालेका थिए ।

शिक्षकहरुले प्रतिनिधिसभामा दर्ता भएको 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक- २०८०' मा १७ बुँदे असहमति राखेका थिए । उनीहरुको सम्बोधन अब सांसदहरुले संशोधन प्रस्ताव दर्ता गर्दै सम्बोधन गर्नेछन् । यसको अगुवाई सरकारले नै गर्नेछ ।

स्थानीय सरकारको मातहतमा शिक्षकहरु रहन नसक्ने एजेण्डालाई भने शिक्षकहरुले सरुवामा प्राधान्याध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाएपछि छाडेका छन् । नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय सरकार मातहत राखेको छ । यसप्रति शिक्षकहरुले चर्को आपत्ति जनाएका थिए ।

शिक्षकहरुले ट्रेड युनियनको अधिकारबाट बञ्चित गराउन नहुने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगबाट हुनुपर्ने, सरुवा, बढुवा र कारबाहीको अधिकार स्थानीय सरकारलाई दिन नहुने माग पनि राखेका थिए ।

पेन्सन र निवृत्तिभरण गर्दा अस्थायी सेवा अवधिलाई पनि गणना गरिनुपर्ने, राहत दरबन्दीका शिक्षक, अस्थायी र करार शिक्षक, साविक उच्च माविका शिक्षक, विशेष शिक्षा र प्राविधिक धारका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायीको व्यवस्था गरिनुपर्ने पनि शिक्षकहरुको थियो । यसमध्ये अधिकांश माग पुरा भएको शिक्षकहरुले बताएका छन् ।

### शिक्षकको मर्यादा तोकिने

शिक्षकहरु र सरकारबीच भएको सहमति अनुसार शिक्षकको १०/१० वर्षमा आवधिक बढुवा हुने व्यवस्था गरिने छ । शिक्षकको समायोजन, तहगत प्रणाली र आवधिक बढुवाका विषयमा नेपाल शिक्षक महासंघ र विज्ञसमेतको प्रतिनिधित्व हुने गरी अध्ययन समिति गठन गर्ने र समितिको प्रतिवेदन बमोजिम आवश्यक कानूनी प्रबन्ध गर्ने पनि सहमति पत्रमा उल्लेख छ ।

सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरुको मर्यादाक्रम तोकिने भएको छ । सरकार र शिक्षक महासंघवीच शुक्रबार भएको सहमति अनुसार शिक्षकहरुको मर्यादाक्रम तोकिने भएको हो । सहमति अनुसार शिक्षकहरुको दश-दश वर्षमा आवधिक बढुवा हुने भएको छ । जसमा मावि तहका शिक्षकको विशिष्ट श्रेणीमा बढुवा हुन न्यूनतम पाँच वर्षको सेवा कायम गर्ने सहमति भएको छ ।

### राहत शिक्षकहरु असन्तुष्ट

सरकार र शिक्षक महासंघबीच भएको सहमतिप्रति राहत शिक्षकहरु भने असन्तुष्ट बनेका छन् ।

गृह मन्त्रालयमा सरकार र महासंघबीच भएको वार्तामा आफूहरुको माग सम्बोधन नहुने भएपछि नेपाल राहत शिक्षक संघतर्फका प्रतिनिधि बीचमै बैठक छाडेर बाहिरिएका थिए ।

नेपाल राहत शिक्षक संघ केन्द्रीय समितिका अध्यक्ष खेमराज अधिकारीले शुक्रबार भएको सहमतिमा आफूहरुको असहमति रहेको बताए । उनले ४५ हजार राहत शिक्षकको माग सहमतिपत्रमा नसमेटिएको भन्दै आक्रोश पोखे ।

४५ हजार राहत शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गरिनुपर्ने आफूहरुको माग भएपनि यो पुरा हुन नसकेको उनले बताए । अब कसरी अघि बढ्ने भन्नेबारे छिट्टै निर्णय लिइने उनको भनाइ छ ।

यस्तै राहत शिक्षक संघका महासचिव कुमार बजगाईंले नेपाल शिक्षक महासंघबाट अलग हुने बताए । उनले माइतीघर मण्डलामा ४० हजार राहत शिक्षक संयुक्त रुपमा राजीनामा दिएर आन्दोलन गर्ने चेतावनी दिए ।

## सरकारको समीक्षा गर्दै कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ असोज ।



नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारबारे बहस चलेको छ । शुक्रबार बसेको केन्द्रीय समितिको बैठकमा बोल्दै नेताहरुले सरकारको कामकारबाहीको समीक्षामक धारणा राखेका छन् । नेताहरुको धारणाका आधारमा कांग्रेसले सरकारको कामकारबाहीबारे ठोस निर्णय लिने नेताहरु बताउँछन् ।

शुक्रबारको बैठकमा नेता गुरु बरालले पार्टी सहमहामन्त्रीलाई खुकुरी प्रहार हुँदासमेत सरकार निरीह बनेको भन्दै सरकारको भूमिकामाथि प्रश्न उठाए । 'हाम्रो पाटी यो सरकारसँग छ । कांग्रेसको नेतृत्वमा यो सरकार बनेको हो । हाम्रो सह महामन्त्रीमाथि खुकुरी प्रहार भएको छ । यस्तो अवस्थामा सरकार निरीह अवस्थामा छ । नेताहरूलाई त सुरक्षा छैन हाम्रो के सुरक्षा छ भन्ने प्रश्न उठेको छ जनतामा' उनले भने ।

अर्का केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले सरकारले आफ्ना पार्टीको नाम जोडिएका प्रकरणमा छानबिन नगरेको आरोप लगाए । भुटानी शरणार्थी प्रकरणको छानबिनमा अग्रसरता लिए पनि आफ्ना पार्टीको नाम जोडिएका प्रकरणमा छानबिन नगरेको उनको आरोप थियो ।

माओवादीले सुन प्रकरणमा जोडिएका महरालाई छानबिन नगरेको भन्दै उनले भने 'शरणार्थी प्रकरणमा सरकार र गृह मन्त्रालयले जुन तदारुकता देखायो । आफ्नो दलका नेताहरु सहभागी भएको देखिएपछि माओवादीले अनेक बहानामा कृष्णबहादुर महरामाथि छानबिन गरेन् ।'

> केन्द्रीय समितिको बैठकमा बोल्दै नेताहरुले सरकारकोकामकारबाहीको समीक्षात्मक धारणा राखेका छन् । नेताहरुको धारणाका आधारमा कांग्रेसले सरकारको कामकारबाहीबारे ठोस निर्णय लिने नेताहरु बताउँछन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधु आचार्यले महासमितिको बैठक काठमाडौंमा गर्नुको सट्टा प्रदेश कार्यसमितिसँग परामर्श गरी मधेश प्रदेशभित्रको कुनै स्थानमा गर्न प्रस्ताव गरे । केन्द्रीय कार्यसमितिको बैठकमा बोल्दे रुपान्तरण अभियानका अभियन्तासमेत रहेका आचार्यले महासमितिको बैठकमा पर्यवेक्षकको समेत व्यवस्था गर्न माग गरे ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सिफारिसमा प्रत्येक संघीय क्षेत्रबाट १ जना १८/३० उमेर समूह र अर्को बुद्धिजीवी क्षेत्रबाट पर्यवेक्षकका रुपमा प्रतिनिधित्व गराउँदा सकारात्मक सन्देश जाने उनको तर्क थियो ।

दुई महिनाअघि साउन दुई गतेदेखि १० सम्म बसेको केन्द्रीय समितिको बैठकले निर्णय गरेको समुदायसँग कांग्रेस कार्यक्रम स्थगित भएकोमा गम्भीर आपत्ति जनाएका उनले अविलम्ब अर्को मिति तय गर्न नेतृत्वको ध्यानाकर्षण गरे ।

उनले संघीय प्रणालीको मजबुतीका लागि कांग्रेसका प्रदेश कार्यसमितिलाई सशक्त र अधिकार सम्पन्न बनाउने र हरेक वर्षको सहिद सप्ताहलाई कांग्रेसले 'पार्टी' घोषणापत्र कार्यान्वयन समीक्षा सप्ताहका रुपमा मनाउन आग्रह गरे ।

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा आर्थिक मन्दीलाई पार लगाउन कुनै कदम नचालेको भनेर समेत सरकारको आलोचना भएको ।

केन्द्रीय सदस्य प्रा डा गोविन्दराज पोखरेलले सरकारले समयअनुकूल नीति लिन नसक्दा बैंकमा रकम थुप्रिन पुगेको बताए ।

उनले अर्थमन्त्री डा प्रकाशरण महतमाथि बजार चलायमान बनाउने नीति लिन नसकेको बरु पदीय जिम्मेवारी विपरीत अनुत्तरदायी अभिव्यक्ति दिंदै हिंडेको आरोप लगाए ।

संघीयता कार्यान्वयन गर्ने गरी सरकारले आवश्यक कानुन बनाउन नसकेको भनेर पनि आलोचना भएको छ । कांग्रेसका केन्द्रिय सदस्य जीवनबहादुर शाहीले संघीयता कार्यान्वयनका लागि संविधान अनुसार अधिकार प्रत्योजन हुने गरी कानुन बन्नुपर्ने बताए ।

केन्द्रिय समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् । 'संघीयताको विषयमा पार्टीको धारणा के हो ?' प्रदेशका सभापति, पूर्वमुख्यमन्त्री र वर्तमान मुख्यमन्त्रीहरु समेतले यो विषयमा निरन्तर ध्यानाकर्षण गर्दै आएको स्मरण गर्दै उनले प्रश्न गरे ।

नेता शाहीले संविधान कार्यान्वयन गर्न त्यस अनुसारको कानुन बनाउन आवश्यक रहेकोमा जोड दिए । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### श्रम कूटनीतिलाई प्राथमिकता दिएर सहजीकरण गरिदिन आग्रह



**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असोज

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न मुलुकका लागि नियुक्त भएका राजदूतहरुसँग वैदेशिक रोजगार व्यवसायलाई सरल र सहज बनाउने विषयमा अन्तरक्रिया गरेको छ । नियुक्त भएको मुलुकमा जिम्मेवारी सम्हाल्न जान लागेका राजदूतहरूको सम्मानमा संघले शुक्रबार साँझ राजधानीको बसेरा होटलमा कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा यूएईका लागि नेपाली राजदूत तेजबहादुर ओली, स्वीट्जरल्याण्डको पृष्ठ २ मा

### चेक रिपब्लिक पठाइदिने भन्दै झण्डै आधा करोड ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि चेक रिपब्लिक पठाइदिने भन्दै ५० जनाबाट ४० लाख रुपैयाँभन्दा धेरै रकम ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापाको गौरादह-४ का अमृत कार्की र अशोक कार्की रहेका छन् । काठमाडौंको नयाँ बानेश्वरबाट पक्राउ परेका उनीहरूलाई थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग पठाइएको प्रहरीले जनाएको छ ।

यसैगरी वैदेशिक रोजगारका लागि मलेसिया पठाइदिने प्रलोभन पृष्ठ २ मा

## दशैं अगाडि टीआरसी अघि बढ्नेमा आशंका

संसद अधिवेशन नै अन्त्य गर्ने तयारीमा सरकार पुगेको छ । योसँगै संक्रमणकालीन न्यायसम्बन्धी विधेयक चालु अधिवेशनमा प्रतिनिधिसभाबाट पास हुने सम्भावना न्यून भएको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ असोज ।



सरकारले संघीय संसदको चालु अधिवेशन अन्त्यको तयारी गरेको छ । संयुक्त राष्ट्रसंघको महासभामा जानु अगाडि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपति रामचन्द्र पौडेल र प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग संसदको चालू अधिवेशन अन्त्यको विषयमा छलफल गरेका थिए । साथै प्रधानमन्त्री प्रचण्डले सभामुख देवराज घिमिरेसँगको भेटमा संक्रमणकालीन न्याय सम्बन्धी विधेयक पास गरेर अधिवेशन अन्त्य गर्ने सरकारको चाहना रहेको बताएका थिए ।

सरकारले २६ फागुन २०७९ मा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक' प्रतिनिधि सभामा दर्ता गरेको थियो । सरकारले प्राथमिकतामा रहेको भनिएको यो विधेयक चालू अधिवेशनबाट पास हुनेमा आशंका रहेको नेताहरु बताउँछन् ।

प्रतिनिधि सभाको बैठक यही असोज १४ गतेका लागि बोलाईएको छ । दशैंको घटस्थापना असोज २८ गते छ । दशैं अगावै अधिवेशन अन्त्य गर्ने सरकारको तयारी रहेको नेताहरु बताउँछन् । दलहरुको निस्क्रियताका कारण कानुन बनाउने थलो संघीय संसद्को दोस्रो अधिवेशन एउटा मात्र विधेयक पारित गरेर अन्त्य हुने अवस्थामा पुगेको उनीहरुको भनाइ छ । २०८० साल वैशाख २४ गतेदेखि शुरु भएको संघीय संसदको दोस्रो अधिवेशनले 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८०' मात्रै पारित गरेको छ । यसबाहेक चालु अधिवेशनका ५५ वटा बैठक बसिसक्दा पनि एउटा बाहेक विधेयक पारित हुन नसकेकोमा पृष्ठ २ मा

# बाँके बालसुधार गृहमा झडपः एक जनाको मृत्यु, १० घाइते

**काठमाडौं/मस–** भक्तपुरको सानोठिमीस्थित बाल सुधार गृहमा कैदीबन्दीको मृत्युलाई लिएर भएको झडपको विषय सेलाउन नपाउँदै बाँकेको बालसुधार गृहमा पनि झडप भएको छ। बाँकेको डुडुवा गाउँपालिका वडा नं ६ स्थित जयन्दु बालसुधार गृहमा विवाद हुँदा एक जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्। घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको छ।




मृत्युहुनेमा रुपन्देहीका २१ वर्षीय सुलभ केसी रहेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक सन्तोष सिंह राठौरले जानकारी दिए।

उनका अनुसार झडपमा गम्भीर घाइते भएका केसीको नेपालगन्ज मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो। उनको टाउकोमा गम्भीर चोट लागेको थियो। बालसुधार गृहमा तोडफोड र आगजनीसमेत भएको छ। घाइतेहरूको नेपालगन्ज मेडिकल कलेज र भेरी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

### ९ जना अझै फरार

बालसुधार गृहमा भएको झडपपछि भागेका कैदीबन्दीमध्ये ९ जना अझै फरार छन्। बिहीबार राति १० बजेबाट कैदीबन्दीबीच झडप शुरु हुँदा सुधार गृहमा रहेका २५४ जना नै बाहिर निस्किएका थिए। तीमध्ये २४५ जना नियन्त्रणमा आइसकेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। बाँकी रहेका ९ जनाको खोजीका लागि प्रहरी परिचालित छ।

यसअघि २ भदौमा भक्तपुरमा रहेको बाल सुधार गृहमा पनि तोडफोड गरेर कैदीबन्दीहरु भागेका थिए। भक्तपुरबाट सारिएका कैदीबन्दीले २७ भदौमा वीरगञ्जस्थित सुधार गृहमा पनि तोडफोड गरेका थिए।

# देवदह–५ लाई बालमैत्री वडा घोषणा गर्ने तयारी

**निशान्त पाठक/मध्यान्ह**
रुपन्देही, ५ असोज




रुपन्देहीको देवदह नगरपालिका वडा नं. ५ का बालबालिकाको लागि आवधिक लगानी योजना निर्माण गोष्ठी सम्पन्न भएको छ।

वडालाई बालमैत्री वडा बनाउने अभियानसहित वडा बाल सञ्जाल गठन टोल-टोलमा बाल क्लब परिचालनदेखि बालबालिकाको नेतृत्व विकास तालिम, टोल विकासलाई बालमैत्री सूचकको अभिमुखीकरण लगायतको कार्यक्रमलाई तीव्रतासँगै बालबालिकाको लागि आवधिक योजनाको लागि लगानी गोष्ठी समेत सम्पन्न गरेको छ।

गोष्ठीमा वडा अध्यक्ष, बालमैत्री फोकल पर्सन तथा नगर शिक्षा अधिकृत पर्शुराम ढकाल, वडा समितिका सदस्यहरु बिमलादेवी दर्लामी, संगिता वि.क, सावित्रा पौडेल, होमनाथ भट्टराई, वडा सचिव प्रदिप प्रसाद गौतम, देवदह नगर प्याब्सन अध्यक्ष देवदह मदर टङ्स एकेडेमीका प्रधानाध्यापक राम बहादुर गुरुङ, एन प्याब्सन रुपन्देही जिल्ला कोषाध्यक्ष लुम्बिनी बोडिङ स्कुलका प्रधानाध्यापक बिनोद थापामगर, केरवानी माविका सहायक प्रधनध्यापक कमल ज्ञवाली, बुद्ध पब्लिक आवासीय माविका अनन्त राम भण्डारी, स्वास्थ्य स्वयम्सेविका पावर्ती न्यौपाने लगायत उपस्थिति रहेको थियो।

यस्तै देवदह व्यापार संघका अध्यक्ष कोष बहादुर गुरुङ, उद्योग व्यापार संघका उपाध्यक्ष मिना श्रेष्ठ, वडा बाल संजाल अध्यक्ष सिर्जना गैरे लगायत सम्पूर्ण समिति, नगर बाल सञ्जालका सचिव संस्कृति घर्ती, टोल विकास समितिबाट प्रतिनिधिमुलक रुपमा खैरेनी गोठादी मार्ग टोल विकास संस्था अध्यक्ष हरि पौडेल, माथादेवी टोल विकास अध्यक्ष गिता शर्मा, टोल-टोलका बाल क्लबका पदाधिकारीहरु सहभागी थिए।

चालू आर्थिक वर्षमा बालमैत्री सूचकको पूर्णताको लागि गर्नुपर्ने कार्यक्रम निर्धारण गरिएको समय, बजेटको सीमा लगायतको विषयमा विभिन्न ४ समुह बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीताको समूह निर्माण गरी कार्यक्रम र लगानीको सुनिश्चितता गरिएको छ। उक्त लगानी सम्बन्धी अन्तिम खाका आगामी असोज ७ गते वडा कार्यलयमा बालमैत्री वडा समितिको बैठकबाट थप छलफल गरी पारित गर्ने सोही अनुसार बालमैत्री अभियान सञ्चालन गर्ने योजना रहेको छ। कार्यक्रम बालमैत्री राष्ट्रिय अभियान्ता शर्मिला पौडेलले गोष्ठीमा सहजीकरण गरेकी थिइन्। कार्यक्रममा पूर्व नगर बाल सञ्जालकी अध्यक्ष बबिता भट्टराई, नवीन लुइँटेल, बालमैत्री तथ्यांक संकलक हिरा भण्डारी लगायतको सहभागीता रहेको थियो।

# विश्व विद्यालय दुध दिवसको अवसरमा कविता प्रतियोगिता हुने

**काठमाडौं/मस–** नेपाल डेरी एशोसिएसनले '९औं विश्व विद्यालय दुध दिवस' विद्यालय तहमा खुला कविता प्रतियोगिता गरी मनाउने भएको छ। राष्ट्रिय दुग्ध विकास बोर्ड, दुग्ध विकास संस्थान (डिडिसी), केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ र एशोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्टस् (अनाज)को संयुक्त सहकार्यमा नेपाल डेरी एशोसियसनले आयोजनामा गर्न लागेको हो।

प्रतियोगिता विद्यालय तहका (कक्षा ३ देखि १० सम्म) विद्यार्थीबीच खुला कविता प्रतियोगिता वाचन गरी सञ्चालन हुने नेपाल डेरी एशोसिएसनका महासचिव हेमचन्द्र खनालले जानकारी गराए।

नेपाल डेरी एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले यस्ता कार्यक्रमले बालबालिकाको चौतर्फी विकासका लागि सहयोग पुग्नुका साथै उनीहरूको प्रतिभा प्रस्फुटन गराउन ठूलो सहयोग पुग्ने बताए। कार्यक्रमले बालबालिकालाई दुध तथा दुग्ध पदार्थबारे जानकारी हुने उनले बताए।

विद्यालय तहका विद्यार्थीहरुका लागि दुध तथा दुग्ध पदार्थको महत्वबारे जानकारी गराउने, दुधको महत्व बुझाउँदै बालकदेखि वृद्धावस्थामा रहेका सबैलाई दुध तथा उपभोग बढाउने उद्देश्यका साथ कविता प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी हुन नेपाल डेरी एशोसिएसनले अनुरोध गरेको छ। एशोसिएसनले आफ्ना मातहतका सबै स्थानीय तह, जिल्ला र प्रदेश समितिलाई विभिन्न कार्यक्रम गरी विश्व विद्यालय दुध दिवस मनाउन निर्देशन दिइसकेको एशोसिएसनका केन्द्रीय सदस्य एवम् कार्यक्रमका संयोजक शिव घिमिरेले बताए।



एशोसिएसनका अध्यक्ष दाहालका अनुसार विश्व विद्यालय दुध दिवस प्रत्येक वर्ष सेप्टेम्बर महिनाको अन्तिम बुधबार विश्वभर मनाइन्छ। यो दिन विश्वमा कुनै पनि स्कुल बन्द हुँदैनन् भन्ने रहेको छ। सबै बालबालिकाहरुलाई दुधको महत्व बुझाइ दुध तथा दुग्ध पदार्थबाट कोही पनि वञ्चित नहोउन् भनी विश्व विद्यालय दुध दिवस मनाउन शुरु गरिएको पाइन्छ। यो वर्ष सेप्टेम्बर महिनाको २७ तारिकमा यो दिवस परेको छ। विश्व विद्यालय दुग्ध दिवस पहिलो पटक विश्व स्वास्थ संगठनले सेप्टेम्बर महिना सन् २००० बाट मनाउन शुरु गरेको इतिहास पाइन्छ। त्यस समयदेखि याफएओद्वारा यो दिवस प्रवर्द्धन गरिँदै आएको छ। अहिले वार्षिक कार्यक्रमको रूपमा विश्वव्यापी मान्यता प्राप्त भएको छ।

नेपाल डेरी एशोसिएसन बागमती प्रदेशका अध्यक्ष टीका प्रसाद घिमिरेका अनुसार नेपालमा २०७२ सालदेखि नेपाल डेरी एसोसिएसनले पहिलो विश्व स्कुल दुध दिवस काभ्रेको पाँचखालमा रहेको श्री गणेश माध्यामिक विद्यालयबाट शुरु गरी अहिलेसम्म हरेक वर्ष मनाउँदै आइरहेको छ। हाल सबै सरोकारवाला निकायहरु मिलेर विश्व विद्यालय दुध दिवस मनाइने गरिएको छ।

एशोसिएसनले कविताको विषय दुध, मोही, खीर, पनिर जस्ता दुग्ध जन्य बस्तुसँग सम्बन्धित हुनुपर्ने बताएको छ। यस्तै कविता वाचनका लागि समय ५ मिनेटको रहने, निर्णायकको निर्णय अन्तिम हुने एशोसिएसनले बताएको छ। प्रतियोगितामा विजयी ५ जनालाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ। सहभागीलाई खाजाको व्यवस्था हुने र दर्ता गर्दा कुनै शुल्क नलाग्ने एशोसिएसनले जनाएको छ। एउटा विद्यालयबाट बढीमा दुई जना विद्यार्थीले भाग लिन सक्ने र असोज ८ गतेसम्म विद्यार्थीको नाम दर्ता गरिसक्नुपर्ने एशोसिएसनले जनाएको छ।

# अवकास प्राप्त कर्मचारी र प्रहरी निरीक्षकको बिदाइ



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ५ असोज

सिरहाको नवराजपुर गाउँपालिकाका पशु शाखा प्रमुख र सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षकको बिदाइ गरिएको छ।

शुक्रबार आयोजित एक कार्यक्रमकाबीच पशु शाखा प्रमुख शितल यादव र सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक रमेश पाण्डेलाई बिदाइ गरिएको हो। दुवै जनालाई नवराजपुर गाउँपालिका अध्यक्ष शिवउदगार यादव र नवराजपुर गाउँपालिका वडा नं.२ का वडा अध्यक्ष सुरेश कुमार यादव लगायत कर्मचारीहरू र स्थानीयहरूले बिदाइ गरेका थिए। लामो अनुभव, विज्ञता तथा काम प्रतिको लगनशिलता र सेवाग्राहीमैत्री काम गरेका प्रमुख यादव अवकास पाएका हुन्। यस्तै सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक पाण्डे भने रूपन्देही सरूवा भएका हुन्। यस्तै सरुवा भइ आएका प्रहरी निरीक्षक प्रमोद विष्टलाई शुक्रबार नै स्वागत गरिएको छ।

## सरकारको...

'यदि संघीयता हाम्रो पार्टीलाई नै मन परेको छैन भने यसलाई हटाइदिऔं। बिना कामको त्यसै मन्त्री भनेको छ, मुख्यमन्त्री भनेको छ' उनी अगाडि भन्छन्, 'होइन भने कानुनमा संविधानले दिएको अधिकार प्राप्त गर्न हामी अगाडि बढ्नुपर्छ।'

प्रदेश सरकारले आफनो भवन समेत बनाउन सक्ने कानुनी आधार नरहेको उल्लेख गर्दै उनले अधिकार नदिएर संघीयता भनिरहन नहुने बताए। संघीयता भन्न त्यस अनुसार अधिकार प्रत्योजित गर्दै कानुन बनाउनुपर्ने उनको माग छ। यस्ता विषयमा सरकारको समीक्षा गरेर पार्टीले सरकारको कामकारबाहीको विषयमा ठोस धारणा सार्वजनिक गर्नुपर्ने उनको माग रहेको छ।

## श्रम...

जेनेभाका लागि नेपाली राजदूत रामप्रसाद सुवेदी, फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराई र कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल उपस्थित रहेका थिए।

कार्यक्रममा संघका कार्यसमिति सदस्यसहित पूर्वअध्यक्ष तथा पदाधिकारीहरू, पूर्व तथा वर्तमान सल्लाहकार, राजनीतिक दल निकट घटक तथा सुभेच्छुक संघ संस्थाका अध्यक्षहरू सहभागी रहेको संघका महासचिव तथा प्रवक्ता मेघनाथ भुर्तेलले जानकारी दिए। व्यवसायीहरूले वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको मूल आधार बनेकाले श्रम कूटनीतिलाई उच्च महत्व दिन आग्रह गरेका छन्।

## चेक...

दिएर ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। प्रहरीले डोटीको शिखर नगरपालिका घर भइ हाल काठमाडौंको सेतो पुल बस्ने धनबहादुर बोगटीलाई पक्राउ गरेको हो। उनी कृष्णबहादुर बोगटीलाई प्याकिङको काममा महिनाको ६० हजार रुपैयाँ कमाइ हुने भन्दै तीन लाख रुपैयाँ लिएर फरार भएका थिए।

## दशैं...

अब चालु अधिवेशनमा अन्य कुनैपनि विधेयक पारित हुने अवस्था देखिँदैन।

दशैं तथा तिहार नजिकिँदै गरेको अवस्थामा चाडपर्वअघि नै संसदको चालु अधिवेशन अन्त्य हुनेछ। यसो हुँदा संसद तथा समितिमा विचाराधीन अवस्थामा रहेका विधेयकहरुमाथि पर्याप्त छलफल हुन नसक्ने र विवादित विषयहरुमा समेत दलहरुका बीचमा सहमति जुट्न नसक्दा विधेयक पारितबिना नै अधिवेशन अन्त्य हुने सम्भावना देखिएको हो। संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले संघीय संसद्मा हाल १७ वटा विधेयकहरु विचाराधीन अवस्थामा रहेका बताए।

प्रतिनिधि सभाको समितिमा १२ वटा विधेयक रहेको र भर्खरै २ वटा विधेयक दर्ता भएको गिरीले जानकारी दिए।

राष्ट्रिय सभामा ३ वटा विधेयकहरु रहेको छ। प्रतिनिधि सभाको चालु अधिवेशनमा ५५ वटा बैठक बसेको छ। यस अधिवेशनमा ७ वटा बैठक अवरुद्ध भएको र ८ वटा बैठक सूचना टाँस गरेर स्थगित गरिएको प्रवक्ता गिरीले बताए।

समितिमा रहेका विधेयकहरुलाई अगाडि बढाउने सन्दर्भमा सम्बन्धित मन्त्रालय हेर्ने मन्त्री, समिति सभापति र समिति सदस्यहरुको प्रमुख भुमिका हुने संसद सचिवालयका प्रवक्ता गिरीको भनाइ छ।

संसदले विधेयकहरु पारित गर्न नसक्नुलाई लिएर राजनीतिक दलहरु भने आपसमा आरोप-प्रत्यारोप गर्छन्। प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सरकारले विधेयक पारित गराउन नचाहेको आरोप लगाएको छ। सत्तारुढ दलहरु सरकारको बचाउ गर्दै सरकारले संसद्प्रतिको आफ्नो जिम्मेवारी पूरा गरिरहेको दाबी गरेको छ।

## बकैया गाँउपालिका

**मकवानपुर, बाग्मती प्रदेश, नेपाल**

**बकैया गाँउपालिका स्थित मामदमार खोलाको विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०६)**

बाग्मती प्रदेश, मकवानपुर, जिल्ला अन्तर्गत बकैया गाँउपालिका स्थित **मामदमार खोलाको विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने** प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बकैया गाँउपालिका, फोन ९८५५०८८०६६<br>इमेल : bakayagaunpalika@gmail.com,<br>वेबसाइट : https://bakayamun.gov.np/ |
| प्रस्तावको व्यहोरा | बकैया गाँउपालिका स्थित मामदमार खोलाको विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने |
| प्रभाव पर्नसक्ने जिल्ला/गा.पा./न.पा. | बकैया गाँउपालिका, मकवानपुर, बाग्मती प्रदेश, नेपाल |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका (हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| **प्रस्तावकको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना:** |
|---|---|
| बकैया गाँउपालिका, फोन ९८५५०८८०६६ | Architecture Bureau प्रा. लि., काठमाडौं, नेपाल, |
| इमेल : bakayagaunpalika@gmail.com, | फोन ९८०३३८५७२० |
| वेबसाइट :https://bakayamun.gov.np/ | इमेलः बचअजष्दगचभबगअयलकगतिबलअथलभउरक्तबर्ष.अफ |

साथै राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेको हुदा सम्पुर्ण सरोकारवालालाई उपस्थितिको लागि अनुरोध गरिन्छ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८०-०६-१५ | विहान ११ बजे | मामदमार, बकैया -७ |

**साउदीमा रोजगार |** कम्पनीः SAMSUNG C&T CORPORATION. SA
शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०७९३६ L.T. No.:292807

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १३ गते (30 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूताबासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ।

## स्थापित योजना बहुउद्देश्यीय सहकारी संस्था लि.

**नयाँबजार-१६, काठमाण्डौं फोन नः ०१-४९८८७९५**

**चौधौं बार्षिक साधारणसभा सम्बन्धी सूचना**

**श्री सम्पुर्ण शेयर सदस्य ज्यू,**

**बिषय : सधारणसभामा उपस्थित हुने बारे।**

यस स्थापित योजना बहुउद्देश्यीय सहकारी संस्था लि. नयाँबजार १६, काठमाडौंको मिति २०८०।०५।२८ गते विहीबार बसेको सचांलक समितिको बैठकले तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरि निर्णय तथा अनुमोदनका लागि सस्थाको १४औं बार्षिक साधारणसभाको कार्यक्रम निम्न मिति, स्थान र समयमा गर्ने निर्णय गरिएको हुँदा यहाँको महत्वपूर्ण सल्लाह र सुझाव दिने गरी समयमै उपस्थितिको निम्ति जानकारी गराउदछौं।

**छलफलका बिषयहरु :**

१. सचांलक समितिको तर्फबाट सस्थाका अध्यक्षको समग्र प्रतिबेदन तथा निति कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. सचांलक समितिको तर्फबाट कोषाध्यक्षले प्रस्तुत गर्ने आ.ब. २०८०/८१ को बार्षिक बजेट उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. लेखा समितिको तर्फबाट प्रस्तुत गर्ने आ.ब. २०७९/८० को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
४. आ.ब. २०७९/८० को लेखापरिक्षकको प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
५. आ.ब. २०८०/८१ को लेखा परिक्षणको लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा।
६. सरंक्षित पूँजी फिर्ताकोष तथा लाभांस वितरण सम्बन्धमा।
७. सस्थाको बिनियम तथा आन्तरिक नियमावली संशोधन सम्बन्धमा।
८. कार्यकारी प्रमुखको पारिश्रमिक तथा समिति, उपसमिति सदस्यहरुको बैठक भत्ता पारित गर्ने सम्बन्धमा।
९. ब्याज दर तथा हर्जना दर सम्बन्धमा।
१०. ब्याज तथा हर्जना छुट सम्बन्धमा।
११. सस्थाको नाममा रहेको जग्गा बिक्री सम्बन्धमा।
१२. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न आबश्यक प्रतिनिधि तोक्ने सम्बन्धमा।
१३. कार्यसमिति सदस्य परिपूर्ति सम्बन्धमा।
१४. सदस्यको सुझाव तथा निर्णय कार्यान्वयन सम्बन्धमा।
१५. विविध सम्बन्धमा।

**तपसिल :**
**मिति :२०८० साल असोज २७ गते शनिबार।**
**समय : बिहान ठिक ८.०० बजे।**
**स्थान : सम्राट पार्टी प्यालेस, काठमाण्डौ-१६, नयाँबजार, धारागल्ली।** (उपस्थित सदस्यहरुलाई बिहानको खाजा तथा खानाको ब्यबस्था गरिएको जानकारी गर्दछौं।)

**सचांलक समितिको आज्ञाले**
**सचिव**
**(डि.बि. ढकाल)**

**थप जानकारीको लागि सम्पर्क नं.**
**९८५११८१२४१ कार्यकारी प्रमुख, ९८४१३९३०९५ सचिव**

# चाडपर्वमा यातायात क्षेत्र चुस्त बनाउन कार्यदल गठन

**काठमाडौं/मस-**भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले चाडपर्व लक्षित यातायात क्षेत्रको सुधार गर्न सर्वपक्षीय कार्यदल गठन गरेका छन् ।

यातायात क्षेत्रसँग सम्बन्धित सबै पक्षलाई बोलाएर उनले शुक्रबार छलफल गरेपछि यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालको नेतृत्वमा कार्यदल गठन गरिएको हो ।

बैठकमा राज्यमन्त्री नन्दा चपाईं, बागमती प्रदेश श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल, प्रहरी प्रधान कार्यालय, उपत्यका ट्राफिक महाशाखा, सडक विभाग, यातायात व्यवसायी महासंघ, उपभोक्ता संरक्षण मञ्च, ट्रेड युनियनका प्रतिनिधिहरू र काठमाडौं महानगरपालिकाका प्रतिनिधिको सहभागिता थियो ।



दसैं, तिहार र छठ पर्वमा राजधानी काठमाडौंबाट बर्सेनि १० लाख यात्रु बाहिरिने गरेका छन् । मन्त्री ज्वालाले दसैंको बुकिङ खुल्नुभन्दा अगाडि सडकको अवस्था सुधार गर्न सडक विभागलाई निर्देशन पनि दिए ।

काठमाडौं उपत्यकाबाट बाहिरिने यात्रुहरूलाई सुरक्षित गन्तव्यस्थल पुर्याउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री ज्वालाले भने, 'बर्षातका कारण सडकहरू बिग्रेका छन्, ती सडक तत्काल सुधार गर्नुहोस् ।' उनले राज्यका अन्य निकाय र मन्त्रालयसँग सहकार्य गरी निरीक्षण गर्ने बताए ।

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले सडकको अवस्था सुधार गर्न तत्कालै टोली खटाउने प्रतिबद्धता व्यक्त गरे । ट्राफिक महाशाखाका प्रतिनिधिले सडक व्यवस्थापनका लागि आफूले कुनै कसरत बाँकी नराख्ने बताए ।

यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज चौलागाईंले गाडीको अभावमा टीका लगाउनबाट कसैलाई पनि वञ्चित हुन नदिने प्रतिबद्धता जनाए । उपभोक्ता संरक्षण मञ्चका प्रतिनिधिहरूले सडक छेउका होटलले यात्रुहरूलाई दूषित खाना खुवाउने र त्यसको चर्को मूल्य असुल गर्ने गरेको भन्दै त्यसको निरीक्षण गर्न मन्त्री ज्वालालाई आग्रह गरे ।

## निःशुल्क स्वास्थ्य शिविर
# बिरामीले पाएनन् औषधि

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ५ असोज



जिल्ला अस्पताल हुम्लामा सञ्चालन भएको विशेषज्ञसहितको बृहत निःशुल्क स्वास्थ्य शिविर औषधि बिना नै सम्पन्न भएको छ ।

शिविर असोज २ गतेबाट सञ्चालन हुने भनेपनि हवाई सेवा सुचारु नहुँदा विशेषज्ञ चिकित्सकहरु जिल्ला आउन नसक्दा शिविर सञ्चालन हुन सकेन । त्यसपछि असोज ३ गतेबाट मात्र शिविर सञ्चालन भएको थियो । शिविरमा उपचार गर्न आउने बिरामीहरुले औषधि नपाउँदा शिविरको कुनै औचित्य नै नभएको गुनासो गरे ।

जिल्ला अस्पताल र मेडि प्रो इन्टरनेशनल काठमाडौंको संयुक्त आयोजनामा सञ्चालन भएको शिविरमा चिकित्सकसहित ३४ जनाको टोली खटिएको थियो । बिरामीले औषधि शिविरमा नपाएपछि निजी फार्मेसीमा किन्न बाध्य भएका थिए ।

निःशुल्क शिविरमा औषधि नै बाहिर किन्नु पर्दा शिविरको अर्थ नभएको शिविरमा सहभागी बिरामीले दुखेसो गरेका थिए । शिविरमा जनरल फिजिसियन सेवा, नाक,कान,घाँटी, हड्डी तथा नशा, आँखा, स्त्रीरोग सम्बन्धी स्वदेशी तथा विदेशी विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य परीक्षण गरिएको थियो ।

चेकअप मात्र भएको तर औषधि शिविर बाहिरबाट किन्नुपर्ने र औषधि नै नल्याइ शिविर सञ्चालन गरेको जिल्ला अस्पताल स्रोतले जनाएको छ । दुई दिनसम्म सञ्चालन भएको शिविरमा करिब तीन हजारले सेवा लिने अपेक्षा गरिएको थियो । तर औषधि वितरण नहुँदा अपेक्षा गरेअनुसार सहभागी भएनन् ।

अर्कोतर्फ जहाजले नियमित उडान नगर्दा औषधि जिल्लामा आउन नसकेको देखिन्छ । स्थानीय हिम्मत शाहीका अनुसार उपचारमा गएपनि औषधि नपाउँदा शिविर बाहिरबाट औषधि किन्नु परेको बताए ।

## विश्व रेबिजविरुद्धको दिवस
# कुकुर, बिरालोलाई खोप



**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, ५ असोज

बाजुराको बडिमालिका नगरपालिका र भेटेरिनरी अस्पताल बाजुराको संयुक्त आयोजनामा सप्ताहब्यापी विश्व रेबिजविरुद्धको दिवस मनाइएको छ ।

बडिमालिका नगरपालिका नगर प्रमुख अम्मर बहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भिमाकान्त पौडेल प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा विशिष्ट अतिथिहरुमा बडिमालिका नगरपालिका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र सापकोटा, मेडिकल अफिसर डा. चेत बहादुर धामी र अतिथिहरुमा कृषि ज्ञान केन्द्र कार्यालय प्रमुख हरि प्रसाद पनेरु, पशु चिकित्सक डा.विकल गौतम, नेपाल पत्रकार महासंघ बाजुरा शाखा उपाध्यक्ष पदम सिंह लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिविरको उद्देश्यसहित सप्ताहब्यापी कार्यक्रमबारे भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुराका कार्यालय प्रमुख पशुपति नाथले जानकारी गराएका थिए ।

कार्यक्रममा भेटेरिनरी पब्लिक हेल्थ र एक स्वास्थ्य आवधारणा बारे पशु चिकित्कसक डा.विकल गौतमले जानकारी दिए । कार्यक्रममा बोल्दै रेबिज रोग एक मानव स्वास्थ्यको चुनौतीबारे डा.चेत बहादुर धामीले जानकारी गराएका छन् । साताब्यापी कार्यक्रम अन्तर्गत कुकुर र बिरालोलाई निःशुल्क खोप दिइने नगरपालिका नगर प्रमुख खड्काले बताए ।

# शिक्षा विधेयक खारेज गर्नुपर्छः बास्तोला

**काठमाडौं/मस-** क्रान्तिकारी कम्युनिस्ट पार्टीले शिक्षा विधेयक खारेज गर्न माग गरेको छ ।

शुक्रबार काठमाडौंस्थित संवाद डबलीमा पत्रकार सम्मेलन गरी सरकारले विधेयकमार्फत शिक्षामा निरङ्कुशता ल्याउने र त्यसमा संस्थागतरुपले थप व्यापारिकरण तथा माफियाकणलाई बढावा दिएको आरोप लगाइएको छ ।



सो पार्टीका प्रवक्ता धर्मेन्द्र बास्तोला'कञ्चन'ले भने, 'नेपालमा शिक्षा र स्वास्थ्य जस्तो मानिसको मौलिक अधिकारमाथि व्यापारिकरण गर्ने अपराध राज्यले गरेको छ । त्यसको अन्त्य गर्नुपर्छ । यो शिक्षा विधेयकले शिक्षालाई घुमाउरो तरिकाले व्यापारिकरणलाई संस्थागत गरेको छ ।' सरकारले शिक्षामा परिवर्तन ल्याउन खोजे जस्तो गरेर जनतामा भ्रम मात्रै छरेको टिप्पणी गरे । 'शिक्षा प्रणाली परिवर्तन गनुपर्ने लामो समयदेखिको मागलाई सरकारले शिक्षा विधेक ल्याएर शिक्षा प्रणालीमा परिवर्तन दिन खोजेको एउटा भ्रम दिन खोजेको छ । तर जुन विधेयक छ त्यो भित्र कुनै पनि परिवर्तन छैन् । सामान्य परिवर्तन होला तर आधारभूत रुपमा परिवर्तन छैन् तर भ्रम दिने कोसिस भने भएको छ ।'

पत्रकार सम्मेलनमा अखिल नेपाल शिक्षक संगठनका फ्याक्सन इन्चार्ज लालबहादुर विसी, बागमती प्रदेश संयोजक लगायतको उपस्थिति रहेको थियो ।

# मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ५ असोज

रौतहटको कटहरियामा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा कटहरिया नगरपालिका वडा नं. ५ बहादुरपुरकी २५ वर्षीया रिता देवी सरभङ रहेकी छन् ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ओमप्रकाश खनालका अनुसार ठक्कर दिने मोटरसाइकल चालक देवाही गोनाही नगरपालिका वडा नं. ५ टिकुलियाका २३ वर्षीय राजाबाबु यादवलाई पक्राउ गरिएको छ । ना ५५ प ९५७८ नम्बरको मोटरसाइकलले सरभङलाई ठक्कर दिएको थियो । घटनाबारे थप अनसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

# विमानस्थल आसपासमा चंगा, ड्रोन र बेलुन उडाउन रोक

**काठमाडौं/मस-**नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपासमा चंगा, ड्रोन, बेलुनलगायत नउडाउन आग्रह गरेको छ । विमानस्थल क्षेत्रमा पटक-पटक चंगा, ड्रोन, बेलुन उडाउने गरेको पाइएको र यसबाट उडान सुरक्षामा गम्भीर असर पर्न सक्ने भएकाले सो कार्य नगर्न सबैमा आग्रह गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले बताए । प्राधिकरणले शुक्रबार विमानस्थल क्षेत्र आसपासमा उडान तथा अवतरणको समयमा पटक-पटक चंगा, ड्रोन, बेलुन उडाउने गरेको पाइएको र यसबाट उडान सुरक्षामा गम्भीर असर पर्न सक्नेतर्फ सचेत रहन अनुरोध सहितको एक सूचना प्रकाशित गरेको छ । चंगा, ड्रोन, बेलुन, लेजर लाइटले उडान सुरक्षामा पार्ने जोखिमतर्फ ध्यान दिएर यस्ता गतिविधि नगर्न र नगराउन सम्बन्धित सबैलाई सूचनामार्फत सूचित गरिएको छ । यसैगरी प्राधिकरण आग्रहलाई अटेर गरी यस्ता काम गरेमा कानूनअनुसार कडा कारबाही गरिने प्रवक्ता तथा उपमहानिर्देशक निरौलाले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/२८ मा दर्ता भएको **प्रा.लि. नं. २७१६०३** को **श्री स्टार एडभेन्चर हिल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त*
**शितल क्याम्पस**
चौरजहारी, रुकुम (पश्चिम)
स्था: २०६३

**ठेक्का स्वीकृतको आशयको सूचना**

**प्रकाशित मिति: २०८०/०६/०६**

प्रस्तुत विषयमा मिति २०८०/०५/०४ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट तपशिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रूपमा प्रभावाही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 01 | SCC/WORKS / NCB/ 01/080/081 | CONSTRUCTION OF SHITAL CAMPUS BUILDING FOUR ROOM FIRST FLOOR AND FINISHING WORKS NEXT EIGHT ROOM BUILDING CHAURJAHARI-2 RUKUM (WEST) | MB CONSTRUCTION, CHAURJAHARI-2 RUKUM (WEST) | रु. ६५,९९,६६०.६७ (मु.अ.कर सहित) |

**क्याम्पस प्रमुख**


# UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANCO CLEANING SERVICES CO LLC    शहर : UAE, DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०२/२४    चलानी नं.: ६०२०२७७०    LT. No.: 287426    पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 67 | 20 | स. काममा दक्ष | 800 | २८,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १३ गते (30 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067    ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



# Malaysia मा रोजगार — Efficient Protection Services Sdn Bhd

पूर्व स्वीकृती मिति: २०८०/०६/०५    चलानी नं. ६०२०८००९    LT No. : 292819

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 15 | साधारण | 1500 | ४२,५२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु.१,५००/- कामदार आफैले | रु.७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्त २०८० असोज १३ गते (30 Sept., 2023) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
श्रम इजाजत नं.: ५७६/०६२/६३
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५७



# UAE को प्रतिष्ठित कम्पनिमा बैदेशिक रोजगारको अवसर

Company: Integrated Parking Services LLC

पूर्व स्वीकृती मिति: २०८०/०६/०४    चलानी नं. ६०२०७९८७    LT No. 292751

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Ticket Collector | 100 | 0 | काममा दक्ष | 1000 | ३६,१८५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० असोज १३ गते (30 Sept., 2023) यस प्रा. लि. कार्यालय सिनामंगलमा हुनेछ ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०९४६५३१४, ९८६८१३४०८३, ९८४३६२२८०३, ९८२३७७४३२४
शाखा कार्यालय चितवन सम्पर्क: ०५६-४९४३११ ९८५५०६४९७८, ९८५५०५४९७९
शाखा कार्यालय पोखरा सम्पर्क: ०६१-५८७७७०, ९८०११३६६८५, ९८५६०३९७७०
शाखा कार्यालय जितपुर सिमरा सम्पर्क: ९७६५६९४००५, ९८२३७७४३२४



# SAUDI मा रोजगार

कम्पनी: SADAFA AL JUBAIL FISH COMPANY    शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०६/०५    चलानी नं.: ६०२०७९५४    L.T. No.:292779

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1450 | ५१,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १३ गते (30 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१- ४४९९७६३, ४४७८३३५



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

कथा

# बिर्सन नसकिने घटना

“बैनी सुन्तली अति राम्री । गाउँमा रोज्जा । दलित भनेर अरु कुरामा बर्जित गरे पनि तागाधारी, धनीहरुले दलितका राम्री हुर्केका छोरीहरूलाई... सुन्तलीको लाश ज्याग्दी खोलामा । “दाइ मलाई मुखिया बाजेको छोराले...” बैनीले मलाई भनेकी थिई । हामीले चौकीमा उजुरी गऱ्यौं । सबै बिके । गाउँका टाठाबाठाहरु मौन । बाले कालीमा हाम फाल्नुभयो ।”



■ धनराज गिरी

हरेक दिन कामबाट निवृत्त भएपछि भोलाराम सागरको तटमा घुम्न आउने गर्छ । आज पनि आयो । समुद्रको लहरको लीला उसलाई रमाइलो लाग्छ । अनन्तसम्म पानी पानी, सागरको जिन्दगी । नेपालमा सबै कुरा पाइन्छ तर, सागरसित साक्षात्कार हुन विदेशिनु पर्छ । भोलाराम दलित समुदायको सन्तान हो । विगतमा उसले अनेक उत्पीडनहरु भोग्यो । उसको कहानी अझै लेखिएको छैन । पढाइ त उसको पर्याप्त हो, तर टेक्ने खुड्किलो, नसमाउने हाँगो, ऊ विवश भएर छापामार बन्यो । आफ्नै अतीत सम्झिएर सागरको लहरसित खेलिरहेको थियो, अचानक उसको सामुन्नेमा एउटा पात्र आयो । आँखा चार भए, बोल्न सकेन । पाको पात्रले पनि मुख खोलेनन् । हेरे, गए ।

“हेर्दा नेपाली जस्तै, तेजिलो आँखा, को होलान् यी बूढा ?” उसको मनले भन्यो । “मैले पनि त बोल्ने हिम्मत गरिन नि” स्वसंवाद । दिनहरु बित्दै गए । भोलारामको मित्र बनेको थियो अमृतकुमार आलोक, सहयोगी, बिन्दास र कपिल कमेडी प्रेमी । “यार, अमृत, आज एकजना पाका भेट भए सागरतटमा, कति आकर्षक व्यक्तित्व । बोल्नै सकिन । भारतीय नागरिकजस्ता पनि देखिने । मलाई पुर्लुक्क हेरे । कस्तो सम्मोहन हेराइमा, आचार्य रजनीश जस्तै ।”

केही बोलेन अमृत । केही अनुमान गऱ्यो । अनुहारमा चमक आयो । “अमृत, तिमीले विदुषी व्यन्जना शर्माको “कैदी नम्बर ५१” लेख, समीक्षा पढेको हो ?” कुरा अन्तै लग्यो भोलरामले ।

“मलाई बाले पढ्न भनेर हिजै पढेको हुँ । उहाँको कुनै पनि लेख छोड्दिन । घराना नै सर्जक । एउटा चमत्कार, उही मुम्बईको ‘आर के प्रोडक्शन’”, अमृतले आफ्नो जानकारी राख्यो । “यस्तै हो, धेरै हिँडे कमरेडहरु कतै पनि पुगेनन् । गुमराह भए, गुमराह बनाए ।” दिक्क भएर बोल्यो भोलाराम ।

“यार, भोला, तिमी किन छापामार भयौं त ? कहानी त पक्कै होला ।” अमृतले साथीको चासो लियो ।

“मलाई नसोध कहाँ दुख्छ घाउ, साथी मान्छेले कलम रहरले समाउने हो, बन्दुक होइन । प्रेम रहर हो, आवश्यकता हो, घृणा होइन । अपवादलाई छोडेर, पराईको आँगनमा आउनु पनि रहर होइन, प्रतिक्रिया हो । मेरो अतीत सुनाउन लायक छैन साथी, छैन, छैन । खाटा बसेको घाउ, नकोट्याऊ !” गहभरि दह बनाएर बोल्यो भोलाराम ।

“डियर कमरेड, हाम्रो परिवारले पनि छापामारहरुको संगत गरेको छ । उनीहरुको आँखा पढेको छ । बाटो सही थिएन । हाम्रो बा त लेखक पनि, कमरेड बिस्फोट, उहाँका राता फूलहरु साथीहरुले दिएको नाम । म ‘तथा कथित’ भन्दिन, तर, दुई कामको पक्षमा वकालत गर्न सकिएन, बाले पनि मैले पनि । अन्याय छ समाजमा । तर प्रतिकार गर्ने तरिकाहरु अनेक छन् । कलमले नै परास्त गर्न सकिन्छ । हाम्रो बाले गर्नुभयो ।”

“अमृत, जे भयो, भयो, बरु म तिम्रो बालाई भेट्न चाहान्छु । उहाँसित भन्छु अतीत ।” भोलाराम इच्छुक भयो अमृतको जन्मदासित भेट हुन ।

आज बिदाको दिन । अगस्ट २४, नेपालमा भाद्र ८ गते, आज पनि सागरको टटमा आएको छ भोलाराम । एक्लै छ । अरे, उनै पाका । लखर लखर आए भिडिओ बनाउँदै, हिन्दी गीत गाउँदै, “तेरे प्यार की तमन्ना...” आज पनि बोल्न सकेन । पाका मान्छेले हेरे मात्र । गीत गाउँदै अघि बढे । एउटी भारतीय युवती आकर्षित भइन् । कुरा गरे । सेल्फी लिए । युवतीको अनुरोधमा तीनवटा रोमान्टिक गीत गाएर बाटो लागे ।

